**पेन्सिल्भानिया आप्रवासी शिक्षा कार्यक्रम**

# डिप्लोमा परियोजना टुलकिट

---

**पेन्सिल्भानिया अभिभावकहरूका लागि सहयोगी पुस्तिका: महाविद्यालय तथा रोजगारीका लागि दिशा निर्देशन**

***अक्टोबर 2018 (परिमार्जित)***


**पेन्सिल्भानिया कमनवेल्थ**

**शिक्षा विभाग**

333 **मार्केट स्ट्रिट**

**ह्यारिसबर्ग, पीए** 17126-0333

www.education.pa.gov

## पेन्सिल्भानिया कमनवेल्थ

Tom Wolf, गभर्नर

**शिक्षा विभाग**

Pedro A. Rivera, सचिव

**प्राथमिक/ माध्यमिक शिक्षा कार्यालय**

Matthew Stem, उपसचिव

**विद्यालय सहयोग ब्युरो**

Sherri Smith, निर्देशक

**विद्यार्थी सेवा एकाई**

Carmen Medina, प्रमुख

पेन्सिल्भानिया शिक्षा विभाग (पीडीई- PDE) ले यसको शैक्षिक कार्यक्रम, कृयाकलाप वा रोजगारी प्रदान गर्ने कार्यमा जाती, रंग, राष्ट्रियता, लिंग, लैगींय प्रवृत्ति, अशक्तता, उमेर, आस्था, कुल, राजनीतिक संलग्नता, लैंगिक पहिचान र त्यसको अभिव्यक्ति, एड्स वा एचआईभीको अवस्था वा अन्य कानूनतः संरक्षित कुराको आधारमा मा कुनै भेदभाव गरिनेछैन्। पेन्सिल्भानिया मानव सम्बन्ध ऐन र संघीय कानूनको नागरिक अधिकार ऐन 1964 को शिर्षक छ र सात, शिक्षा संसोधन ऐन 1972 को शिर्षक नौ पुनर्वास ऐन 1973 को दफा 504, रोजगारीमा उमेर विभेद ऐन 1967 र अशक्त भएका अमेरिकनहरूसम्बन्धी ऐन 1990 लगायत राज्यका कानूनअनुसार यस नीतिको घोषणा गरिएको छ।

पेन्सिल्भानिया शिक्षा विभागको गैरविभेदकारी नीतिको बारेमा सोधपुछका लागि देहाएका व्यक्तिहरू तोकिएका छन्:

**रोजगारीमा गैरविभेदकारी नीतिका बारेमा सोधपुछका लागि:**
पेन्सिल्भानिया शिक्षा विभाग
समान रोजगार अवसर प्रतिनिधि
मानव संसाधन ब्युरो
टेलिफोन: (717) 783-5446

**अन्य सबै पेन्सिल्भानिया शिक्षा विभागका कार्यक्रम र कृयाकलापहरूका गैरविभेदकारी नीतका बारेमा सोधपुछका लागि:**
पेन्सिल्भानिया शिक्षा विभाग
विद्यालय सेवा एकाई निर्देशक
333 मार्केट स्ट्रिट, 7औ फ्लोर, ह्यारिसबर्ग, पीए 17126-0333
टेलिफोन: (717) 783-3750, फ्याक्स: (717) 783-6802

यस प्रकाशन वा अन्य थप प्रतिका लागि केही जिज्ञाशा भएमा देहाएको स्थानमा सम्पर्क गर्नुहोस्:

पेन्सिल्भानिया शिक्षा विभाग
विद्यालय सहायता ब्युरो | विद्यार्थी सेवा एकाई
333 मार्केट स्ट्रिट, 7औ फ्लोर, ह्यारिसबर्ग, पीए 17126-0333
टेलिफोन: (717) 783-6466, फ्याक्स: (717) 783-6642

www.education.pa.gov

**मिडियासम्बन्धी सबै अनुरोध /सोधपुछ: प्रेस तथा संचार कार्यलयको** (717) 783-9802 **मा सम्पर्क गर्नुहोस्।**

## विषय सूचि

अभिभावक एकाई – महाविद्यालय तथा रोजगारीका लागि दिशानिर्देश ........ 8
लक्ष्य निर्धारण ........ 9
आमाबाबु-विद्यार्थी योजना ........ 11
आमाबाबुका लागि स्वयम् मूल्यांकन ........ 13
सहयोग समूह ........ 14
आमाबाबुका लागि सहायता समूह ........ 16

**आमाबुबाका लागि सहायता समूह ........ 17**

माध्यमिक विद्यालय क्रेडिट ........ 18
परीक्षा र परीक्षा दिने रणनीतिहरू ........ 20
माध्यमिक शिक्षा पुरा गरेपश्चातको योजना ........ 24
माध्यमिक शिक्षापश्चातका कार्यक्रमहरू ........ 26

- ☐ **राष्ट्रिय रूपमा स्वीकृत संराको श्रम विभागको मान्यता प्राप्त प्रमाण पत्र ........ 26**
- ☐ **तलबी काम ........ 26**
- ☐ **ऋणमुक्त महाविद्यालय क्रेडिट ........ 26**
- ☐ **काम गर्ने स्थल सुहाउँदो ज्ञान तथा सीप ........ 26**
- ☐ **सफ्टवेयर डिभलपर ........ 26**
- ☐ **फार्मेसी प्रविधिक ........ 26**
- ☐ **मेकानिक्स ........ 26**
- ☐ **प्रमाणित नर्सिंग सहयोगी ........ 26**
- ☐ **निर्माण कर्मी श्रमिक ........ 26**
- ☐ **इलेक्ट्रिसियन ........ 26**
- ☐ **वेल्डर ........ 26**

☐ पहिलो दिनदेखि नै काम गर्ने ........ 26

☐ बिस्तारै ज्यालामा वृद्धि हुने ........ 26

☐ लामो समयमा राम्रो ज्याला हुने ........ 26

☐ प्रमाण पत्र ........ 26

☐ डिप्लोमा ........ 26

☐ एसोसियट डिग्री ........ 26

☐ कम्प्युटर प्रोग्रामर ........ 26

☐ कस्मेटोलोजिस्ट ........ 26

☐ दन्त सहायक ........ 26

☐ मेकानिक ........ 26

☐ स्वास्थ्य सहयोगी ........ 26

☐ पल्म्बर ........ 26

☐ कक्षाको आकार सानो ........ 26

☐ साँझ तथा सप्तान्तमा कक्षा हुने ........ 26

☐ निश्चित जीविका वृत्तीका लागि आवश्यक हुने सीपमा केन्द्रित ........ 26

☐ प्रमाण पत्र ........ 26

☐ डिप्लोमा ........ 26

☐ एसोसियट डिग्री ........ 26

☐ 4-वर्षे महाविद्यालय वा विश्वविद्यालयमा हस्तान्तरण हुने दक्षतता ........ 26

☐ लेखाकर्मी ........ 26

☐ हवाइजहाज मेकानिक ........ 26

☐ कानूनी सहयोगी ........ 26

☐ अर्ध स्वास्थ्यकर्मी ....................................................................................................26

☐ दन्त हाइजेनिस्ट....................................................................................................26

☐ रेस्टुराँ  व्यवस्थापक ....................................................................................................26

☐ कक्षाको आकार सानो ....................................................................................................26

☐ साँझ तथा सप्ताहान्तमा कक्षा हुने ....................................................................................................26

☐ 4-वर्षे महाविद्यालय वा विश्वविद्यालयमा प्रायः हस्तान्तरण हुन सक्ने.........................................26

☐ समुदायमा ससाना विद्यालयमा प्रायः पाइने ....................................................................26

☐ स्नातक उपाधि....................................................................................................26

☐ स्नातकोत्तर उपाधि....................................................................................................26

☐ विद्यावारिधि उपाधि ....................................................................................................26

☐ व्यवसायिक उपाधि....................................................................................................26

☐ इन्जिनियर ....................................................................................................26

☐ ग्राफिक डिजाइनर....................................................................................................26

☐ फार्मासिस्ट ....................................................................................................26

☐ पाइलट ....................................................................................................26

☐ सामाजिक कार्यकर्ता....................................................................................................26

☐ शिक्षक ....................................................................................................26

☐ प्रायः मानिसहरूले पूर्णकालीन कक्षा लिन्छन्....................................................................26

☐ विभिन्न कक्षा लिन सकिन्छ ....................................................................................................26

☐ क्याम्पसमा कोठाहरू प्रायसः हुन्छन् ....................................................................................26

☐ आफ्नो बालबालिका सहि बाटोमा छ र आफ्नो बालबालिकाले अध्ययन पुरा गरेको मानिने शर्तहरू कक्षामा पुरा गरेको छ भन्ने कुरा सुनिश्चित गर्नका लागि आफ्नो बालबालिकाको परामर्शदातासँग भेटघाटको

**समय मिलाउनुहोस् र यसले उसलाई माध्यमिक शिक्षा पश्चातको शिक्षा, सैन्य सेवा वा कुनै जीविका वृत्तीका लागि तयारी गराएको छ भन्ने कुरा सुनिश्चित गर्नुहोस्।................................................................28**

☐ **महाविद्यालय/ प्राविधिक विद्यालय भ्रमण गर्नका लागि आफ्नो बालबालिकालाई अभिप्रेरित गर्नुहोस् र उपलब्ध भएमा कुनै ग्रिष्मकालिन महाविद्यालय तयारी कार्यक्रममा सहभागी हुनका लागि अभिप्रेरित गर्नुहोस्। 28**

**माध्यमिक विद्यालय शिक्षा पश्चातका लागि शुल्क भुक्तानी** ....................................................................31

**द्रष्टव्य तथा थप श्रोतहरू**......................................................................................................35

## अभिभावक एकाई – महाविद्यालय तथा रोजगारीका लागि दिशानिर्देश

### एकाईको संक्षित परिचय

यो आमाबाबु तथा अभिभावकका लागि एकल एकाई हो। यसमा विद्यार्थीका लागि हरेक एकाईमा राखिएका कुराहरूलाई संलग्न गरिएको छ। यसको प्रारूप अभिभावक मैत्री र बुँदागत छ। यसका समाग्री दुई वा सोभन्दा बढी कार्यशालामा छलफल गर्न सकिन्छ।

### विशेषताहरू

- लक्ष्य तय गर्ने तथा आमाबाबु-विद्यार्थी योजना
- सहयोगी समूह
- माध्यमिक विद्यालयको क्रेडिट
- परीक्षा दिने रणनीतिहरू
- माध्यमिक तहको अध्ययन पछाडि योजना गर्नका लागि चाहिने कुराहरू

**मैले कसरी सहयोग गर्न सक्दछु?**

आफूले देखेको आआफ्नो बालबालिकाको शक्ति, क्षमता र अभिरूचिका बारेमा सोच्नुहोस् र उसले तिनीहरूलाई संलग्न गरेर आफ्नो जीविकाको बन्दोबस्त गर्नका लागि प्रयोग गर्न सक्दछ कि भन्ने कुरा सोच्नका लागि सल्लाह दिनुहोस्।

आफ्नो बालबालिकासँग उसको जीविका वृतिको छनौटका बारेमा कुराकानी गर्न सक्ने तीन वा चार साथी, सहकर्मी, परिवारका सदस्य वा समुदायका अन्य सदस्यको सूचि बनाउनुहोस्।

आफ्नो बालबालिकाको क्षमता, सीप वा अभिरूचि बिकास गर्नका लागि सहयोग गर्ने अतिरिक्त कृयाकलापको बारेमा उसलाई सोध्नुहोस्।

आफ्नो बालबालिकालाई उसको विद्यायमा रहनका लागि अभिप्रेरित गर्नुहोस्।

उसको कुरा सुन्नुहोस्, सुन्नुहोस्, सुन्नुहोस्!

आफूलाई मन नपर्ने कुराहरूको बिरूद्धमा सवालजवाफ गर्नुभन्दा आफ्नो बालबालिकालाई प्रकृया पार गर्नका लागि सहयोग गर्नुहोस्।

## लक्ष्य निर्धारण

### मेरो बालबालिकाको जीविका वृत्तिको छनौटमा मैले कसरी सहयोग गर्न सक्दछु?

आफ्नो बालबालिकाको बारेमा सबैभन्दा राम्ररी थाहा पाउने व्यक्तिका रूपमा आमाबाबु र अभिभावकहरू उनीहरूलाई सल्लाह र सुझाव दिने नितान्त फरक र मूल्यवान स्थानमा रहेका हुन्छन्। आफ्ना बालबालिकाले उनीहरूले गर्न चाहेको कुरा पत्ता लगाउँदा पनि धेरैजसो आमाबाबु तथा अभिभावकहरूलाई आफ्ना बालबालिकाको जीविका वृत्तिको छनौटका बारेमा चिन्ता, चासो रहन्छ।  यस प्रकारको नतिजा हाँसिल गर्नका लागि यहाँले आफ्नो बालबालिकाका लागि लक्ष्य निर्धारण गरिदिनु पर्दछ।

### लक्ष्य निर्धारण

- लक्ष्य निर्धारणमा संभव भएसम्म आफ्नो बालबालिकालाई संलग्न गराउनुहोस्– आफ्ना बालबालिकाका लागि हामी सबैभन्दा राम्रो होस् भन्ने चाहान्छौं। आफ्नो बालबालिकालाई लक्ष्य निर्धारण गर्न र  लक्ष्य प्राप्ति गर्ने बारेमा सोच्ने कुरा सिकाउनुहोस्। यसले उनीहरूलाई  आफ्नो संतुष्टिको सर्बोत्कृष्ट श्रोत बन्नका लागि सहयोग गर्दछ। यसले उनीहरूलाई आफ्नो जीवनमा देखा पर्ने परिणामहरू नियन्त्रण गर्नका लागि र आफ्नो क्षमताअनुसारको उपलब्धी प्राप्त गर्नका लागि उनीहरूलाई सबलिकरण गर्दछ।
- अल्पकालीन तथा दीर्घकालीन लक्ष्य निर्धारण गर्नुहोस् – लक्ष्य निर्धारण गर्नु दुई धारे तरबारजस्तै हुन सक्दछ। अल्पकालीन तथा दीर्घकालीन लक्ष्यहरू साधारण, वास्तबिक तथा प्राप्त गर्न सक्ने किसिमको हुनु पर्दछ। दीर्घकालीन लक्ष्यलाई प्राप्त गर्न सक्ने चरणमा विभाजन गर्नका लागि आफ्नो बालबालिकासँग काम गर्नुहोस्। उदाहरणका लागि:
  - अंग्रेजी भाषा सुधार गर्ने दीर्घकालीन लक्ष्यमा हरेक हप्ता तीन वटा नयाँ शब्द र तिनका अवधारणा सिक्ने जस्तो कुरा अल्पकालीन लक्ष्य हुन सक्दछ। यसले प्राज्ञिक शब्दावली निर्माण गर्न मद्दत गर्दछ।
- शक्ति र कमजोरी पत्ता लगाउनुहोस्– ससाना तर अर्थपूर्ण लक्ष्य पूरा गर्दा आफ्नो बालबालिकाले अनुभूत गर्ने तृप्तीले नै ठूला प्राप्तितर्फ अगाडि बढ्नका लागि चाहिने शक्ति र विश्वास कायम राख्न मद्दत गर्दछ। उनीहरूलाई उनीहरूको लक्ष्य सानो, व्यवस्थापन गर्न सकिने र अल्पकालीन हुँदाका फाइदाहरू सिक्न मद्दत गर्नुहोस्।
- विद्यालय तथा समुदायमा उपलब्ध श्रोतहरू पहिचान गर्नुहोस् – आफ्नो बालबालिकाले पहिलो पटक विद्यालयमा निराश, उदास तथा कमजोर हुँदा उपलब्ध श्रोतहरूका बारेमा सोच्नुहोस्।
  - आमाबुबाको रूपमा मैले मेरो बालबालिकालको माध्यमिक विद्यालयबाट अध्ययन पुरा गराउनका लागि के गर्न सक्दछु?
  - कसले मलाई मद्दत गर्न सक्दछन्?

- **के मलाई माध्यमिक विद्यालयबाट अध्ययन पुरा गर्नका लागि बालबालिकाहरूले के के शर्तहरू पुरा गर्नु पर्दछ भन्ने बारेमा थाहा छ?**
- **मलाई मेरा बालबालिकालाई सहयोग गर्नबाट बञ्चित गर्ने चुनौतीहरू के के छन्?**

******विद्यार्थी सहायता विशेषज्ञलाई स्वतन्त्र रूपमा लक्ष्य तर्जुमा गर्दा सहयोगका लागि अनुरोध गर्नुहोस्।**

**आमाबाबु-विद्यार्थी योजना**

**देहाएको चार्टले विद्यालयका लक्ष्यहरू, यहाँको बालबालिकाका लक्ष्यहरू र आमाबाबुका रूपमा यहाँका आफ्ना लक्ष्यहरू पहिचान गर्दछ। यी लक्ष्यहरू सूचिकृत गरिसके पछि यिनीहरूलाई प्राप्त गर्ने योजना तर्जुमा गर्नुहोस्, त्यो लक्ष्य अल्पकालीन हो कि दीर्घकालीन हो उल्लेख गर्नुहोस् र त्यो लक्ष्य प्राप्तिको मिति तय गर्नुहोस्। यो तपाईं र तपाईंको बालबालिकाको बीचमा वार्तालाप शुरू गराउने एउटा राम्रो माध्यम हुन्छ।**

| लक्ष्य | मेरो लक्ष्य प्राप्ति गर्ने योजना (आवश्यक बाटो वा कृयाकलापहरू) | दीर्घ-वा अल्पकालीन ? | लक्ष्य प्राप्तिको मिति |
|---|---|---|---|
| **विद्यालय** | | | |
| **विद्यार्थी** | | | |
| **आमाबाबु** | | | |

**मेरा चासोहरू के के हुन?**

**के मेरो बालबालिका यस जीविका वृत्तीमा सफल हुन सक्ला?**

**यस प्रकारको काम गर्नका लागि आवश्यक सीप तथा ज्ञान मेरो बालबालिकामा छ?**

**के मेरो बालबालिका आफ्नो निर्णयमा टिकेर बस्नेछ?**

**यस्तो प्रकारको काम गरेर के मेरो बालबालिकाले आफूलाई सहयोग गर्न सक्दछ?**

**अध्ययन गर्न र काम गर्नका लागि यो जीविका वृत्तीले के मेरो बालबालिकाले समुदाय छोड्नु पर्नेछ?**

**आमाबाबुलाई सुझाव**

सञ्चार भनेको दोहोरो मार्ग हो। विद्यार्थीहरूले विद्यालय र शिक्षकबाट महत्तवपूर्ण जानकारीहरू ल्याउन सक्दछन्! विद्यालय वा महाविद्यालय नगएका लगायतका आमाबुबाले पनि उनीहरूलाई सल्लाह दिन सक्दछन्!

## आमाबाबुका लागि स्वयम् मूल्यांकन

आमाबाबुका रूपमा यहाँले आफ्नो बालबालिकाको "समूह योजना" गर्दा एकदमै महत्त्वपूर्ण भूमिका खोल्नुहुन्छ। यहाँको बालबालिकालाई माध्यमिक विद्यालयबाट शिक्षा पूरा गर्नका लागि आवश्यक सबै कुराहरू उपलब्ध छन् भन्ने कुरा निश्चित गर्नका लागि सकारात्मक, सहयोगी भूमिका स्थापित गरेर काम शुरू गर्नुहोस्। सन्तुष्टि प्रदान गर्ने रोजगारी वा माध्यमिक शिक्षाभन्दा अगाडिको महाविद्यालयको शिक्षाको चरणमा लैजानका लागि आफ्नो बालबालिका र विद्यालयसँग काम गर्नुहोस्। देहाएको चेकलिस्ट यी क्षेत्रहरूमा कसरी आफूले काम गरिरहेको छ भन्ने निर्धारण गर्नका लागि प्रयोग गर्नुहोस्:

### शक्तिहरू

- ☐ म मेरो बालबालिकाले उसका सबै विषयहरूमा उत्कृष्ट नतिजा ल्याउन सक्षम छ भनेर विश्वस्त छु।
- ☐ म समूहको सदस्यको रूपमा मेरो बालबालिकासँग काम गर्छु र मेरो बालबालिकालाई आवश्यक पर्ने जानकारी संकलनमा म पनि सहभागी हुन्छु।
- ☐ कडा परिश्रम, आत्मनिर्भरता र दृढताको उदारण मेरा बालबालिकाका लागि बन्न म इच्छुक छु।
- ☐ म मेरा बालबालिकासँग उनीहरूको भविष्यको योजनाको बारेमा कुराकानी गर्दछु र उनीहरूको बिचार र योजनाका बारेमा सुन्छु।

### चुनौतीहरू

- ☐ म सधैं काममा व्यस्त हुन्छु र बालबालिकासँग कुराकानी गर्नका लागि सधैं समय नै हुँदैन्।
- ☐ महाविद्यालय जाने लक्ष्य भएको मेरो बालबालिका मेरो परिवारमा पहिलो व्यक्ति हो।
- ☐ कताबाट सहयोग गर्ने भन्ने कुरामा मलाई कहिलेकहीं हिच्किचाहट हुन्छ वा थाहा नै हुँदैन।
- ☐ माध्यामिक विद्यालयबाट शिक्षा पुरा गर्नका लागि मेरा बालबालिकाले कुन विषय पढ्नु पर्दछ भन्ने कुरा नै मलाई थाहा छैन्।
- ☐ मलाई मेरो बालबालिकाका अभिरूचि र रोजाईहरू थाहा छन्।
- ☐ माध्यमिक शिक्षापश्चात मेरो बालबालिकाको महाविद्यालय/  जीविका वृत्तीको योजनाको बारेमा मलाई थाहा छ।

### अगाडिको योजना

☐ विद्यालयमा सफल हुनका लागि सहयोग गर्नका लागि मेरा बालबालिकालाई केही आर्थिक व्ययभार वेहोर्न म तयार छु।


☐ माध्यामिक शिक्षापछाडिको शिक्षाका लागि मसँग आर्थिक श्रोत छ वा मैले सो कुरा पहिचान गर्नेछु र मैले बचत योजना राखेको छु।

☐ मेरो बालबालिकाको प्राज्ञिक तालिकाको सहयोगका लागि मैले मेरो परिवारको तालिका संयोजन गर्नका लागि काम गर्दछु।

☐ म मेरो बालबालिकालाई रोजगारी पाउने वा भेट्याउनका लागि निर्देशन दिएर सहयोग गर्न सक्दछु।

☐ म मेरो बालाबालिकाको जीविका वृत्तीसम्बन्धी अभिरूचि र लक्ष्यप्रति सहयोग गर्दछु।

☐ माध्यमिक विद्यालयपश्चात मेरो बालबालिकाको यातायात र बसोबाससम्बन्धी व्यवस्थापनका बारेमा जानकार र तयार छु।




## सहयोग समूह

## आमाबाबुका लागि सहयोग समूह निर्माण गर्नुको महत्त्व

**आप्रवासी आमाबाबुका लागि स्थानीय सामुदायिक निकाय, पुस्तकालय, आमोदप्रमोद केन्द्र र उनीहरू सहभागी भइरहेका आस्थामा आधारित संगठनहरूमा पुगेर बालबालिकाको भविष्यको बारेमा थाहा पाउनु र सहयोग गर्नु धेरै नै महत्तवपूर्ण हुन्छ। यसले प्रज्ञिक सहयोग वा मनोरञ्जनात्मक कृयाकलापमा टेवा पुर्‍याउदछ। यी नै प्राज्ञिक सफलताका लागि महत्त्वपूर्ण कुराहरू हुन्। आमाबाबु र शिक्षक वा सहयोगी व्यक्तिको भूमिका भनेको प्रतिस्थापन गर्ने होइन बरू उसको भूमिका भनेको बालबालिकाको उपलब्धीलाई सुनिश्चित गर्नका लागि सहयोग गर्ने र सबलिकरण गर्ने हो। आफ्ना बालबालिकालाई अल्पकालीन तथा दीर्घकालीन लक्ष्य प्राप्तिका खातिर सफल बनाउनका लागि सहयोग गर्नका लागि उनीहरू सहभागी कृयाकलापमा सहभागी भएर र सहयोग गरेर आमाबाबुले काम गर्नु आवश्यक छ। आमाबाबु, शिक्षक र सोसम्बन्धी बहस गर्नेहरूले साझा लक्ष्य प्राप्तिका लागि निरन्तरत साझेदारी निर्माणको दिशामा कार्य गर्नु आवश्यक हुन्छः त्यो लक्ष्य भनेको आफ्नो बालबालिकाको सफलता हेर्ने हो।**

## आमाबाबुका लागि सहायता समूह

| भाषा सहायता | विद्यालय | स्थानीय सामुदायिक निकायहरू | पुस्तकालयहरू | आमोदप्रमोद केन्द्रहरू | आस्थामा आधारित संगठनहरू | परिवारका सदस्यहरू |
|---|---|---|---|---|---|---|
| सबै विद्यालयहरूमा भाषा सहायता समूह हुनु पर्दछ। | आफ्ना बालबालिकाका शिक्षकलाई, परामर्शदातालाई, विद्यार्थीको डीनलाई र अन्य सहयोगी कर्मचारीहरूलाई चिन्नु। | समुदायमा के उपलब्ध छ? | उनीहरूले कस्ता प्रकारका शैक्षिक कृयाकलाप वा कार्यशालाहरू प्रदान गर्दछन्? | खेल तथा मनोरञ्जनात्मक कृयाकलापहरू कस्ता प्रकारका उपलब्ध गराउँदछन्? | मेरा बालाबलिकालाई सहयोग गर्नका लागि उनीहरूले कस्ता प्रकारका सेवाहरू प्रदान गर्दछन्? | मेरा बालबालिकाका शैक्षिक चरणहरूबाट पार गर्नका लागि म परिवारको यस सदस्यलाई विश्वास गर्न सक्दछु। |
| यो सहायताका लागि उचित व्यक्ति को हो? | | | | | | |

# आमाबुबाका लागि सहायता समूह

| भाषा सहायता | विद्यालय | स्थानीय सामुदायियक निकायहरू | पुस्तकालय, आमोदप्रमोद केन्द्र, आस्थामा आधारित संगठनहरू | शिक्षकका लागि अन्य सहायता सञ्जालहरू |
|---|---|---|---|---|
| फोन____________________<br><br>भाषा<br><br>__________________________<br><br>कानूनतः विद्यालय क्षेत्रले अनिवार्य रूपमा अन्य भाषी व्यक्तिहरूका लागि सहायता उपलब्ध गराउनु पर्दछ। आमाबाबुलाई कुनै पनि भेला वा कृयाकलापमा दोभाषे सेवा आवश्यक पर्दछ। यसमा शिक्षकसँग, परामर्शदातासँग, विद्यार्थीको डीनसँग र विद्यालयको सहयोगी कर्मचारीसँगको भेटघाट पर्दछ। | शिक्षकहरू<br><br>नाम______________________<br><br>फोन_____________________<br><br>ईमेल______________________<br><br>परामर्शदाता<br><br>नाम______________________<br><br>फोन_____________________<br><br>ईमेल______________________<br><br>प्रिन्सिपल/डीन<br><br>नाम______________________<br><br>फोन_____________________<br><br>ईमेल______________________<br><br>आप्रवासी कर्मचारी<br><br>नाम______________________<br><br>फोन_____________________<br><br>ईमेल______________________ | संयोजकहरू<br><br>नाम______________________<br><br>फोन_____________________<br><br>ईमेल______________________<br><br>केस कार्यकर्ता<br><br>नाम______________________<br><br>फोन_____________________<br><br>ईमेल______________________<br><br>समूह नेताहरू<br><br>नाम______________________<br><br>फोन_____________________<br><br>ईमेल______________________ | लाइब्रेरियनहरू<br><br>नाम______________________<br><br>फोन_____________________<br><br>ईमेल______________________<br><br>कार्यक्रम प्रमुखहरू<br><br>नाम______________________<br><br>फोन_____________________<br><br>ईमेल______________________<br><br>कार्यक्रम कहिले शुरू हुन्छ?<br><br>__________________________<br>__________________________<br>__________________________<br>__________________________<br>__________________________<br>__________________________ | नाम______________________<br><br>फोन_____________________<br><br>ईमेल______________________<br><br>नाम______________________<br><br>फोन_____________________<br><br>ईमेल______________________<br><br>नाम______________________<br><br>फोन_____________________<br><br>ईमेल______________________ |

संयुक्त राज्यमा आमाबाबुले शिक्षक, विद्यालयका परामर्शदाताहरू तथा अन्य सहयोगी कर्मचारीहरू (जस्तै पीए-एमईपी कर्मचारी)लाई आफ्ना बालबालिकाको भविष्यको बारेमा छलफल गर्नका लागि भेट्ने गर्दछन्।

आफ्नो बालबालिकाको विद्यालयको परामर्शदाता, विश्वास गरेको शिक्षक, पीए-एमईपी कर्मचारी र उसको शिक्षकको नाम र सम्पर्क जानकारी आफूले तुरून्त भेट्याउने ठाउँमा राख्नुहोस् र आफूलाई सल्लाह र सहयोग चाहिएको समयमा उनीहरूलाई सम्पर्क गर्नुहोस्।

संयुक्त राज्यमा बालबालिकाहरू आफ्ना आमाबुबासँग आदरभावपूर्वक असहमत हुन्छन्। तपाईं आफैं आफ्नो बालबालिकासँग कुनै विषयमा सहमतिको बिन्दु आउन नसकेमा विद्यालयको परामर्शदाता, विश्वास गरेको शिक्षक वा बालबालिकाको शिक्षकसँग समाधानका लागि सरसल्लाह गर्नुहोस्।

सफलताको उत्सवका लागि आफ्नो "योजना समूहलाई" सम्पर्क गर्नका लागि याद गर्नुहोस्!

## माध्यमिक विद्यालय क्रेडिट

प्रत्येक विद्यालयको शिक्षा पुरा गर्नका लागि फरक किसिमको शर्तहरू हुन्छन्। पेन्सिल्भानियाको कुनै विद्यालयका शर्तहरू तल दिइएको अनुसार छन्। यहाँको बालबालिकाको विषयको आवश्यकताहरू यस्तै देखिनेछ तर यहाँले आफैले विद्यालयका निश्चित शर्तहरू पत्ता लगाउनु पर्नेछ। फलस्वरूप यहाँको बालबालिकाले ती शर्तहरू पूर्ण रूपमा र समयमा पुरा गर्न सक्दछ। विद्यालयको वेबसाइटमार्फत यो जानकारीमा सहज पहुँच भएन भने विद्यालयको परामर्शदातासँग समय लिनुहोस्। परामर्शदाता नै यो जानकारी प्रदान गर्ने सबैभन्दा सान्दर्भिक व्यक्ति हो।

| विषय | कक्षा 9 | कक्षा 10 | कक्षा 11 | कक्षा 12 | क्रेडिट |
|---|---|---|---|---|---|
| अंग्रेजी | 1 | 1 | 1 | 1 | 4 |
| गणित | 1 | 1 | 1 | 1 | 4 |
| विज्ञान | 1 | 1 | 1 | 1 | 4 |
| समाज विज्ञान | 1 | 1 | 1 | 1 | 4 |
| विदेशी भाषा | | | 1 | 1 | 2 |
| मानविकी | 1 | 1 | | | 2 |
| ऐच्छिक | | | 1 | 1 | 2 |
| स्वास्थ्य तथा शारीरिक शिक्षा | .5 | .5 | .5 | | 1.5 |
| अन्य अध्ययन समापनका शर्तहरू: समापन परियोजना, सेवा घण्टा र मुख्य परीक्षाहरू | | | | कूल | 23.5 |

यहाँको बालबालिकाको क्षेत्रको अध्ययन पुरा गर्नका लागि आवश्यक शर्तहरू राखेर देहाएको चार्ट भर्नुहोस्:

| विषय | कक्षा 9 | कक्षा 10 | कक्षा 11 | कक्षा 12 | क्रेडिट |
|---|---|---|---|---|---|
| अंग्रेजी | | | | | |
| गणित | | | | | |
| विज्ञान | | | | | |
| समाज विज्ञान | | | | | |
| विदेशी भाषा | | | | | |
| मानविकी | | | | | |
| ऐच्छिक | | | | | |
| स्वास्थ्य तथा शारीरिक शिक्षा | | | | | |
| अन्य अध्ययन समापनका शर्तहरू: समापन परियोजना, सेवा घण्टा र मुख्य परीक्षाहरू | | | | कूल | |

यहाँको बालबालिकालाई क्रेडिटसम्बन्धी कुनै समस्या परेको भएमा समुदाय, विद्यालय, राज्य र संघीय कार्यक्रम तथा पेन्सिल्भानिया आप्रवासी शैक्षिक कार्यक्रमको विषयको श्रोतहरू उपलब्ध छन्। आफ्नो समुदायमा यी श्रोतहरू कहाँबाट प्राप्त गर्ने भन्ने बारेमा आप्रवासी विद्यार्थी सहायता विशेषज्ञसँग छलफल गर्नुहोस्।

**थाहा छ?**

पेन्सिल्भानियामा आप्रवासी अवस्था, स्वास्थ्य, वा ज्ञानसम्बन्धी वा शारीरिक दक्षताको मतलब नगरेर 21 वर्षको उमेरसम्म बालबालिकालाई निशुल्क सार्वजनिक शिक्षा हासिल गर्ने अधिकार छ।

## परीक्षा र परीक्षा दिने रणनीतिहरू

**देहाएको पृष्ठमा भएको चार्टले माध्यमिक शिक्षा पश्चातको परीक्षा/ जीविका वृत्ती उदेश्य र राज्यले अनिवार्य भनि लागू गरेका प्रमुख परीक्षा जस्ता परीक्षालाई सूचिकृत गर्दछ:**

## 11औ र 12औ कक्षाको स्वेच्छिक परीक्षामा सहभागिता

| परीक्षा | पीएसएटी (PSAT)<br><br>Preliminary Scholastic Assessment Test | एसएटी (SAT)<br><br>Scholastic Assessment Test | एसीटी (ACT)<br><br>American College Test | टीओएफईएल (TOFEL)<br><br>Test Of English as a Foreign Language | एएसभीएबी (ASVAB)<br><br>Armed Service Vocational Aptitude Battery |
|---|---|---|---|---|---|
| कक्षा | 11 | 11 र 12 | 11 र 12 | 12 | 12 |
| परीक्षा खर्च | $16 | $45 No essay<br>$60 Essay | $62 | $195 | No Cost |
| परीक्षा मिति | हिउँद<br>वसन्त<br>ग्रिष्म | शरद<br>हिउँद<br>वसन्त<br>ग्रिष्म | हिउँद<br>वसन्त<br>ग्रिष्म | हिउँद<br>वसन्त | सैन्य भर्ती गर्नेहरूले निर्धारण गर्ने |
| परीक्षाको विषय वस्तु | गणित<br>समीक्षात्मक पठन<br>लेखन | पठन<br>लेखन<br>गणित | अंग्रेजी<br>गणित<br>पठन<br>विज्ञान | बोलाई<br>लेखाई<br>पढाई<br>सुनाई | गणित<br>विज्ञान<br>पढाई<br>ईलेक्ट्रोनिक्स<br>मेकानिकल |
| परीक्षाको उदेश्य | राष्ट्रिय योग्यता छात्रवृत्ती प्रतियोगितामा छनौट गर्नका लागि प्रयोग हुने एसएटी (SAT)का लागि तयारी गराउँदछ | महाविद्यालयका लागि तयारी मापन गर्दछ | महाविद्यालयका लागि तयारी मापन गर्दछ | भाषिक सीपहरूको मूल्यांकन गर्दछ | रोजगारी वर्गिकरण निर्धारण गर्दछ / सैन्यमा भर्ती गर्दछ |

## विद्यालयमा अनिवार्य मानिएका मूल्यांकनहरू

| परीक्षा | पीएसएसए (PSSAs)<br><br>PA State Standard Assessments | प्रमुख परीक्षा (KEYSTONES) | डब्ल्युआईडीए (WIDA) पहुँच परीक्षा |
|---|---|---|---|
| कक्षा | 3 - 8 | 11 | K-12 |
| परीक्षा खर्च | निःशुल्क | निःशुल्क | निःशुल्क |
| परीक्षा मिति | अप्रिल | डिसेम्बर, जनाबरी, मे | हिउँद |
| परीक्षाको विषयवस्तु | गणित<br>अंग्रेजी- भाषा कला<br>विज्ञान | साहित्य<br>जीव विज्ञान<br>बिजगणित 1<br>अंग्रेजी निवन्ध् | सुनाई<br>बोलाई<br>पढाई<br>लेखाई |

| | | | |
|---|---|---|---|
| परीक्षाको उदेश्य | विद्यार्थीको उपलब्धी राज्यको तहअनुसार मापन गर्ने | दक्षतालाई संबोधन गर्नका लागि तयार गरिएको विषयको अन्तिममा हुने परीक्षा | ईएसएल (ESL) भर्नाका लागि निर्धारण गर्नका लागि |

**अर्को पृष्ठमा आफ्नो बालबालिकाको परीक्षा मितिको अभिलेख राख्नका लागि प्रारूप दिइएको छ।**

| आइतवार | सोमवार | मंगलवार | बुधवार | बिहिवार | शुक्रवार | शनिवार |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आफ्नो परीक्षामा बालबालिका सफल हुन भन्ने कुरा सुनिश्चित गर्नका लागि यहाँले के गर्नु हुन्छ भनि लेख्नुहोस्।

| परीक्षा अगाडि: |
|---|
| परीक्षा पछाडि: |

## माध्यमिक शिक्षा पुरा गरेपश्चातको योजना

यस खण्डमा आमाबुबाले माध्यमिक शिक्षा पुरा गरेपछाडिका लागि तयारी गराउनका लागि अप्नाउनु पर्ने चरणका बारेमा जोडिदिएको छ। यी छलफल र तयारी शुरूमा नै हुनु पर्दछ र यसमा धेरै सहयोगी शिक्षक, परिवारका सदस्यहरू र साथीभाइहरू संभव भएसम्म संलग्न हुनु पर्दछ।

कुन प्रकारका माध्यमिक शिक्षा पुरा गरेपछिका विषयहरू मेरो बालाबालिकाका दक्षता तथा अभिरूचिहरूलाई सुहाउँछ?

- 8 वा 9 कक्षादेखि नै आमाबाबुले बालबालिकाहरूसँग उनीहरूको माध्यमिक शिक्षा पुरा गरेपछि के पढ्ने भन्ने बारेमा छलफल हुनु पर्दछ।
- संयुक्त राज्यमा हरेक महाविद्यालय, व्यवसायिक विद्यालय र विश्वविद्यालयसँग आफ्नै प्रवेश परीक्षाको शर्त हुन्छ। आमाबाबुले यस बारेको जानकारी अनलाइन वा विद्यालयको परामर्शदाता वा आप्रवासी सहयोगी कर्मचारीमार्फत पाउन सक्दछन्।

- **हरेक विद्यालय क्षेत्रमा उपलब्ध महाविद्यालय तयारी कार्यक्रममा बालबालिकालाई संलग्न गराउनका लागि आमाबुबाले बालबालिकालाई सहयोग गर्नु पर्दछ।**

### माध्यमिक शिक्षापश्चातका कार्यक्रमहरू

| महाविद्यालय | के पढ्न मिल्छ | जीविक वृत्तीका उदाहरणहरू | गुणहरू |
|---|---|---|---|
| सिकारू/रोजगारीमा रहेर तालिम | ☐ राष्ट्रिय रूपमा स्वीकृत संराको श्रम विभागको मान्यता प्राप्त प्रमाण पत्र<br>☐ तलबी काम<br>☐ ऋणमुक्त महाविद्यालय क्रेडिट<br>☐ काम गर्ने स्थल सुहाउँदो ज्ञान तथा सीप | ☐ सफ्टवेयर डिभलपर<br>☐ फार्मेसी प्रविधिक<br>☐ मेकानिक्स<br>☐ प्रमाणित नर्सिंग सहयोगी<br>☐ निर्माण कर्मी श्रमिक<br>☐ इलेक्ट्रिसियन<br>☐ वेल्डर | ☐ पहिलो दिनदेखि नै काम गर्ने<br>☐ बिस्तारै ज्यालामा वृद्धि हुने<br>☐ लामो समयमा राम्रो ज्याला हुने |
| व्यवसायिक / प्राविधिक विद्यालय | ☐ प्रमाण पत्र<br>☐ डिप्लोमा<br>☐ एसोसियट डिग्री | ☐ कम्प्युटर प्रोग्रामर<br>☐ कस्मेटोलोजिस्ट<br>☐ दन्त सहायक<br>☐ मेकानिक<br>☐ स्वास्थ्य सहयोगी<br>☐ पल्म्बर | ☐ कक्षाको आकार सानो<br>☐ साँझ तथा सप्तान्तमा कक्षा हुने<br>☐ निश्चित जीविका वृत्तीका लागि आवश्यक हुने सीपमा केन्द्रित |
| सामुदायिक महाविद्यालय | ☐ प्रमाण पत्र<br>☐ डिप्लोमा<br>☐ एसोसियट डिग्री<br>☐ 4-वर्षे महाविद्यालय वा विश्वविद्यालयमा हस्तान्तरण हुने दक्षतता | ☐ लेखाकर्मी<br>☐ हवाइजहाज मेकानिक<br>☐ कानूनी सहयोगी<br>☐ अर्ध स्वास्थ्यकर्मी<br>☐ दन्त हाइजेनिस्ट<br>☐ रेस्टुराँ व्यवस्थापक | ☐ कक्षाको आकार सानो<br>☐ साँझ तथा सप्तान्तमा कक्षा हुने<br>☐ 4-वर्षे महाविद्यालय वा विश्वविद्यालयमा प्रायः हस्तान्तरण हुन सक्ने<br>☐ समुदायमा ससाना विद्यालयमा प्रायः पाइने |
| 4-वर्षे महाविद्यालय वा विश्वविद्यालय | ☐ स्नातक उपाधि<br>☐ स्नातकोत्तर उपाधि<br>☐ विद्यावारिधि उपाधि<br>☐ व्यवसायिक उपाधि | ☐ इन्जिनियर<br>☐ ग्राफिक डिजाइनर<br>☐ फार्मासिस्ट<br>☐ पाइलट<br>☐ सामाजिक कार्यकर्ता<br>☐ शिक्षक | ☐ प्रायः मानिसहरूले पूर्णकालीन कक्षा लिन्छन्<br>☐ विभिन्न कक्षा लिन सकिन्छ<br>☐ क्याम्पसमा कोठाहरू प्रायसः हुन्छन् |

**प्रमुख पदावलीहरू**

**एसोसियट डिग्री:** संराको सामुदायिक महाविद्यालयले प्रायजसो दुई वर्षको अध्ययन पछि प्रदान गर्ने एक प्रकारको शैक्षिक उपाधि।

**स्नातक उपाधि:** प्रायजसो चार वर्षको अध्ययन महाविद्यालयमा गरिसके पछि प्रदान गरिने उपाधि।

**जीविका वृत्ती:** तपाईं वा तपाईंको बालबालिकालाई रोजगारीका लागि गराइने तालिम।

**महाविद्यालय:** यहाँको बालबालिकालाई माध्यमिक शिक्षा पश्चात उपाधि प्रदान गराउने शिक्षा।

**सामुदायिक महाविद्यालय:** चार वर्षे महाविद्यालय शिक्षाको पहिलो दुई वर्षे शिक्षा प्रदान गर्ने वा विद्यार्थीलाई निश्चित रोजगारीका लागि तयार गराउने महाविद्यालयहरू।

**उपाधि:** एसोसियट वा स्नातकोपाधि जस्ता महाविद्यालयबाट शिक्षा पुरा गरेपछि यहाँको बालाबालिकाले आर्जन गर्ने वस्तु।

**प्राविधिक महाविद्यालय:** रोजगारीका लागि विषयहरू प्रदान गर्ने महाविद्यालय जहाँ निश्चित ज्ञान र सीप निश्चित रोजगारीको तयारीका लागि सिकाइन्छ।

**विश्वविद्यालय:** उपाधि प्रदान गर्ने विद्यालय जसमा विभिन्न विशिष्ठिकरणका विषयवस्तुहरू हुन्छ। विद्यालय परामर्शदाताहरूमार्फत आवश्यक पर्ने विद्यार्थीहरूका लागि आवेदन दस्तुर छुट उपलब्ध छ।

## आमाबुबाले जान्नु पर्ने राम्रो निवन्धका पाँच प्रमुख तत्त्वहरू

1. समुदाय तथा विद्यालयका कृयाकलापमा संलग्न हुने गरेमा निवन्ध लेखन प्रकृयामा सहज बनाउने अनुभव प्रदान गर्दछ।
2. निवन्ध नलेखेमा आवदेनको प्रकृया ढिलो हुन सक्दछ।
3. बुझाउनुभन्दा पहिला आफ्नो बालबालिकाको निवन्ध कुनै शिक्षकलाई पुनरावलोकन गर्न लगाउनुहोस्।
4. आफ्नो बालबालिकालाई निवन्ध लेखन प्रकृयामा सहयोग गर्नुहोस् र सहज पर्याप्त वातावरण दिनुहोस्।
5. आफ्नो बालबालिकाको प्रगति अद्यावधिक गरिराख्नुहोस् र उनीहरूलाई मदत गर्न सक्ने थप तरिकाका बारेमा सोध्नुहोस्।

| माध्यमिक शिक्षा पुरा गरिसके पछिका लागि तयारी |
|---|
| आमाबाबुका लागि चेक सूचि |

**9औ कक्षा**

- ☐ आफ्नो बालबालिका सहि बाटोमा छ र आफ्नो बालबालिकाले अध्ययन पुरा गरेको मानिने शर्तहरू कक्षामा पुरा गरेको छ भन्ने कुरा सुनिश्चित गर्नका लागि आफ्नो बालबालिकाको परामर्शदातासँग भेटघाटको समय मिलाउनुहोस् र यसले उसलाई माध्यमिक शिक्षा पश्चातको शिक्षा, सैन्य सेवा वा कुनै जीविका वृत्तीका लागि तयारी गराएको छ भन्ने कुरा सुनिश्चित गर्नुहोस्।
- ☐ आफ्नो बालबालिकाको परामर्शदातालाई कक्षा 10 मा अभिरूचि भएमा व्यवसायिक विषयको अध्यापन गराइन्छ कि भनेर सोध्नुहोस्।
- ☐ पहिला नगरेको भएमा आफ्नो बालबालिकासँग महाविद्यालयको लागि पैसा बचाउने संभावित योजनाको बारेमा छलफल गर्नुहोस्।
- ☐ आफ्नो बालबालिकासँग उसको जीविका वृत्तीसम्बन्धी अभिरूचिका बारेमा कुराकानी गर्नुहोस् (Onet.org/miproximopaso.org) – pacareers.org
- ☐ खर्च, बचत र आर्थिक सहायताको बारेमा आधारभूत कुराहरू सिक्नुहोस्।
- ☐ आफ्ना अभिरूचि तथा नेतृत्व, आत्मनिर्भरता, सृजनशिलता, समूह कार्य, निर्णय क्षमता र आर्थिक कुराहरू जस्ता जीवनोपयोगी सीपलाई संलग्न गराउने अतिरिक्त कृयाकलापमा आफ्ना बालाबालिकालाई संलग्न हुनका लागि अभिप्रेरित गर्नुहोस्।

**10औ कक्षा**

- ☐ माध्यमिक शिक्षा शर्तहरू पुरा गर्ने क्रम ठिकसँग चलिरहेको निश्चित गर्नका लागि आफ्नो बालबालिकाको विद्यालय परामर्शदातालाई भेट्नुहोस्।
- ☐ महाविद्यालय/ व्यवसायिक विद्यालयको कार्यक्रम, अध्ययन शुल्क र अरू खर्च तथा छात्रवृत्तीको बारेमा जानकारी लिनका लागि इन्टरनेटमार्फत वा सार्वजनिक पुस्तकालयमा अनुसन्धान गर्नुहोस्।
- ☐ अध्ययन समाप्तिको शर्त पुरा गर्ने र सीप निर्माण गर्ने कक्षाहरू निरन्तर लिनका लागि आफ्नो बालबालिकालाई सम्झाइ राख्नुहोस्।
- ☐ अतरिक्त कृयाकलाप तथा स्वयम् सेवाका कृयाकलापमा संलग्न हुनका लागि आफ्नो बालबालिकालाई निरन्तर अभिप्रेरित गर्नुहोस्।
- ☐ महाविद्यालय/ प्राविधिक विद्यालय भ्रमण गर्नका लागि आफ्नो बालबालिकालाई अभिप्रेरित गर्नुहोस् र उपलब्ध भएमा कुनै ग्रिष्मकालिन महाविद्यालय तयारी कार्यक्रममा सहभागी हुनका लागि अभिप्रेरित गर्नुहोस्।

**11औ कक्षा**

- ☐ माध्यमिक शिक्षा शर्तहरू पुरा गर्ने क्रम ठिकसँग चलिरहेको निश्चित गर्नका लागि आफ्नो बालबालिकाको विद्यालय परामर्शदातालाई भेट्नुहोस्।
- ☐ माध्यमिक विद्यालयको शिक्षा पुरा गर्ने र / वा अभिरूचिको क्षेत्रको जीविका वृत्तीमा सहयोग गर्ने विषयमा भर्ना लिनका लागि आफ्नो बालबालिकालाई सम्झाउनु होस्।
- ☐ आवश्यक भएमा शरदमा आफ्नो बालबालिकालाई पीएसएटीको कक्षामा भर्ना हुनका लागि सम्झाउनु होस् (आफू अनिश्चित भएमा परामर्शदातासँग कुराकानी गर्नुहोस)।
- ☐ आफ्नो बालबालिकालाई रूचि हुने महाविद्यालय/ प्राविधिक विद्यालय र कार्याक्रमको सूचि निर्माण गर्नुहोस्।

- ☐ आफ्नो बालबालिकाको विशिष्टिकरण र जीविका वृत्तीसँग सम्बन्धित संभावित महाविद्यालय/ प्राविधिक विद्यालयहरूमाथि अनुसन्धान गर्नुहोस् र सूचि काटछाँट गर्नुहोस्।
- ☐ वसन्तमा आफ्नो बालबालिकालाई एसएटी र / वा एसीटीमा भर्ना हुनका लागि सम्झाउनु होस्।
- ☐ एसएटी वा एसीटीका लागि तयारी गर्नका लागि आफ्नो बालबालिकालाई सम्झाउनु होस्। यसको महत्त्वका बारेमा कुराकानी गर्नुहोस् (कसरी यसको नतिजाले महाविद्यालयमा भर्ना हुन र छात्रवृत्ती प्राप्त गर्नमा असर गर्दछ)।
- ☐ विशिष्टिकरणको विषय र जीविका वृत्तीको बारेमा थप जानकारी हासिल गर्न र निर्णय लिनका लागि आफ्नो बालबालिकालाई अभिप्रेरित गर्नुहोस्।
- ☐ वर्षभरि नै आफ्नो बालबालिकालाई महाविद्यालय/ प्राविधिक विद्यालय भ्रमण गर्नका लागि अभिप्रेरित गर्नुहोस्। यहाँको बालाबालिकाको विद्यालयले महाविद्यालय घुमाउनका लागि गरेको व्यवस्थाका बारेमा जानकार रहनुहोस्।
- ☐ आफ्नो बालबालिकाको अभिरूचिका विषय पढाइ हुने न्यूनतम पनि पाँच महाविद्यालय/ प्राविधिक विद्यालय सूचि निर्माण गर्नुहोस्।
- ☐ आवश्यक भएमा उनीहरूले अन्तिम वर्ष लिने भनेर सोचिरहेका भएमा आफ्नो बालाबालिकालाई एसएटीका लागि तयार हुनका लागि सम्झाउनु होस्।
- ☐ आर्थिक सहयोगका बारेमा आफूलाई जानकारी दिइरहनु होस् र आफ्नो बालबालिकाको पथप्रदर्शकसँग कुराकानी गरिरहनु होस्। आफ्नो आर्थिक आवश्यकतालाई सुहाउँदो छात्रवृत्ती खोजी गर्नका लागि आफ्नो बालबालिकालाई सहयोग गर्नुहोस्।
- ☐ ग्रिष्मका कृयाकलाप योजना गर्नका लागि आफ्नो बालबालिकालाई अभिप्रेरित गर्नुहोस्: स्वयम् सेवा, ग्रिष्मकालीन कुनै कार्यक्रममा सहभागी हुने, वा अभिरूचि सुहाउँदो र महत्त्वपूर्ण सीप निर्माण गर्ने रोजगारीको खोजी गर्ने।
- ☐ आफ्नो बालबालिकाको अभिरूचिको विद्यालयको भ्रमण ग्रिष्मको समयमा गर्नुहोस्।


**12औ कक्षा**

- ☐ माध्यमिक शिक्षा शर्तहरू पुरा गर्ने क्रम ठिकसँग चलिरहेको निश्चित गर्नका लागि आफ्नो बालबालिकाको विद्यालय परामर्शदातालाई भेट्नुहोस्।
- ☐ आफ्नो बालबालिकाको अभिरूचि भएको महाविद्यालय/ प्राविधिक विद्यालयको सूचि काटछाँट गर्नुहोस्।
- ☐ आफ्नो बालबालिकालाई सबै महाविद्यालयमा आवेदन भर्नका लागि सम्झाउनु होस्।
- ☐ आवश्यक भएमा आफ्नो बालबालिकालाई आवेदन निवन्धहरू पनि लेख्न सम्झाउनु होस् र कुनै शिक्षकबाट यस्तो निवन्धलाई पुनरावलोकन गराउनुहोस्।
- ☐ आर्थिक सहायता र/ वा छात्रवृत्तीका लागि सबै कागजात बुझाउनका लागि आफ्नो बालबालिकालाई सम्झाउनु होस्। (एफएएफएसए (FAFSA) र पीएचईएए (PHEAA) निवेदनहरू बुझाउनु होस्। पहिलो दिन एफएएफएसए (FAFSA) अक्टोबर 1 देखि studentaid.ed.gov मा उपलब्ध हुन्छ।)
- ☐ महत्त्वपूर्ण मिति र अन्तिम मितिलाई प्रकाश पार्ने पात्रो बनाउन आफ्नो बालबालिकालाई मदत गर्नुहोस्।
- ☐ सिफारिस पत्र चाहिने भएमा अन्तिम निवेदन मितिले न्यूनतम पनि चार हप्ता अगाडि नै त्यस्तो सिफारिसको व्यवस्था गर्नका लागि आफ्नो बालबालिकालाई सम्झाउनु होस्।
- ☐ एसएटी वा एसीटी परीक्षा आवश्यक भएमा लिनका लागि दर्ता गर्नका लागि आफ्नो बालबालिकालाई सम्झाउनु होस्।
- ☐ आफ्नो बालबालिकाले (नोभेम्बर देखि मार्चसम्म) आवेदन गरेको महाविद्यालयमा ट्रान्सक्रिप्ट पुगेको निश्चित गर्नका लागि आफ्नो बालबालिकाको परामर्शदातासँग भेटघाटका लागि समय मिलाउनु होस्।

- [ ] आफ्नो बालबालिकालाई उनीहरूले पठाउने सबै कागजातको एक प्रति आफूसँग राख्नका लागि सम्झाउनु होस् र आफूले पठाएको विद्यालयले त्यो कागजात प्राप्त गरे नगरेको सुनिश्चित गर्नका लागि फलोअप गर्नुहोस्।
- [ ] आर्थिक सहायता प्याकेजलाई सावधानीपूर्वक तुलना गर्नुहोस्। कुनै सहयोग चाहिएको भएमा आफ्नो परामर्शदाता वा एमईपी कर्मचारीसँग कुराकानी गर्नुहोस्।
- [ ] पहिला नै गइ नसकेको भएमा स्वीकार गर्नु अगाडि आफ्नो बालबालिकाको छनौटको महाविद्यालय/ व्यवसायिक विद्यालय भ्रमण गर्नुहोस्।
- [ ] प्रायजसो मेभन्दा अगाडि पठाइएको आफ्नो बालबालिकाको स्वीकार वा अस्वीकार गरिएको चिठी पढ्नुहोस्।
- [ ] आफ्नो बालाबालिकाको अध्ययन शुल्क र अन्य शुल्क तिरिसकिएको कुरा निश्चित गर्नुहोस्।
- [ ] आफ्नो बालबालिकाको बस्ने, खाने व्यवस्था मिलाउनु होस्।
- [ ] रोमाञ्चक यात्राका लागि आफ्नो बालबालिकालाई तयार गर्नुहोस्।

## माध्यमिक विद्यालय शिक्षा पश्चातका लागि शुल्क भुक्तानी

देहाएको चार्टमा देखाए जस्तै दुई प्रकारका आर्थिक सहायता हुन्छन्: उपहार (सहायता तथा छात्रवृत्ती) र स्वयम् सहयोग (ऋण वा काम गरेर अध्ययन गर्ने)। यहाँको बालबालिकाको लागि दुवै आवश्यक हुन सक्दछ। उनीहरूले प्राप्त गर्ने सहयोगका आधारमा यहाँले आर्थिक सहायता दिनु पर्ने हुन सक्दछ। यी पदावलीहरू देहाएको चार्टमा व्याख्या गरिएको छ।




### प्रमुख पदावलीहरू

**संघीय प्रत्यक्ष ऋण:** माध्यमिक शिक्षा पुरा गरेका विद्यार्थी र तिनीहरूका आमाबाबुलाई न्यून ब्याजको ऋण उपलब्ध गराउने एउटा कार्यक्रम।

**संघीय पेल सहयोग:** महाविद्यालयको शुल्क तिर्नका लागि आवश्यक परेका विद्यार्थीहरूका लागि संयुक्त राज्य अमेरिकाको संघीय सरकारले दिने अनुदान।

**आर्थिक सहायता:** योग्य महाविद्यालय वा जीवन वृत्ती विद्यालयमा शिक्षाको खर्चका लागि तिर्नका लागि यहाँलाई सहयोग गर्ने संघीय सरकारको आर्थिक सहायता।

**अनुदान:** अधिकांशतः आर्थिक आवश्यकतामा भर पर्ने जुन फिर्ता गर्नु पर्ने हुँदैन्।

**ऋण:** महाविद्यालयको शुल्क भुक्तानीका लागि महाविद्यालयका विद्यार्थी तथा तिनीहरूका आमाबुबाले सापटी लिएको पैसा।

**PHEAA:** (पेन्सिल्भानिया उच्च शिक्षा सहयोग निकाय) भनेको आर्थिक आवश्यकतामा आधारित हुन्छ।

**थप ऋण** : आफ्नो सम्पत्ति विवरणका आधारमा महाविद्यालयको खर्च पुर्‍याउनका लागि निजी संस्थाहरूबाट पनि ऋण उपलब्ध हुन्छ।

**निजी विद्यार्थी ऋण:** आफ्नो सम्पत्ति विवरणका आधारमा महाविद्यालयको खर्च पुर्‍याउनका लागि निजी संस्थाहरूबाट पनि ऋण उपलब्ध हुन्छ।

**छात्रवृत्ती:** महाविद्यालमा अध्ययनरत विद्यार्थीलाई विशेष उपलब्धि, दक्षता वा पृष्ठभूमिका कारणले दिइने पैसा।

**छुट सुबिधाको ऋण:** आर्थिक आवश्यकतामा आधारित। सरकारले विद्यार्थी उपाधि प्राप्त गर्नका लागि छ महिना बाँकी छ भने आफूले व्याज सुबिधा कम वा पुरै तिर्ने गरी यस्तो ऋण उपलब्ध गराउँदछ।

**बिना छुटको ऋण:** आर्थिक आवश्यकतामा आधारित नभएका ऋणहरू। ऋण चुक्ता नगरेसम्म ऋण लिएको मितिदेखि ऋणीलाई ब्याज तिराउने ऋण।


**काम तथा अध्ययन:** महाविद्यालयबाट प्रदान गरिने रोजगारी र महाविद्यालयमा पढ्ने विद्यार्थीलाई सहयोग गर्नका लागि सरकारले नै आर्थिक व्ययभार बोक्ने काम।

अधिकतम वार्षिक मात्रा र ऋणको ब्याज दरसहित संघीय विद्यार्थी सहायतता कार्यक्रमको बारेमा विस्तृत विवरणका लागि [www.StudentAid.gov/parent](www.StudentAid.gov/parent) मा जानुहोस्।


## माध्यमिक विद्यालय शिक्षापश्चात यहाँको बालबालिकाले शिक्षा निरन्तर गर्नका के के फाइदाहरू छन्?

आफैं परिवारका लागि केही आर्थिक रूपमा सहयोग गरौं भनेर के तपाईंको बालबालिका पढाइ छोडेर काममा जान खोजिरहेछ? यस प्रकारको निर्णयले यहाँको बालबालिकाको भविष्यमा गम्भीर परिणाम ल्याउँछ। आफ्नो यस्तो चिन्ताको बारेमा खुलेर विद्यालयको सम्बन्धित परामर्शदाता, विश्वास गरिएको शिक्षक र पीए एमईपी कर्मचारीलाई भन्नुहोस्। उनीहरूले यहाँलाई विकल्प खोज्नका लागि सहयोग गर्नेछन्।

यो चार्ट (सबैभन्दा पछिल्लो) ले उच्च शिक्षाले उच्च कमाइ गराएको देखाउँछ। माध्यमिक शिक्षा पुरा गरेको विद्यार्थीले यस्तो शिक्षा पुरा नगरेको विद्यार्थीको भन्दा प्रति हप्ता र उसको जीवनभरमा नै अत्यन्त धेरै आर्जन गर्दछ। यसले के निश्कर्ष निकाल्दछ भने माध्यमिक शिक्षा छोडेर काममा लाग्दा गम्भीर परिणाम भोग्नु पर्दछ।




**माध्यमिक विद्यालयबाट काममा जाने बाटाहरू**




**तपाईंका बालबालिकाका लागि माध्यमिक विद्यालयबाट काममा जाने धेरै बाटाहरू छन्। यस्तो बाटो सोझो पनि हुन सक्छ वा यसले विभिन्न चरणहरू पनि लिन सक्दछ।**

## संघीय विद्यार्थी सहायताका लागि निःशुल्क आवेदन (FAFSA)

एफएएफएसए (FAFSA) भनेको सबै संघीय कार्यक्रमबाट आर्थिक सहायता लिनका लागि आवेदन गरिने मानक आवेदन हो। यो आवेदन प्रकृया निःशुल्क हो र यसको फारम अनलाइन उपलब्ध छ। एफएएफएसए (FAFSA) भनेको अनुदान प्राप्त गर्न, काम र अध्ययन गर्न, अध्ययन ऋण लिन र केही छात्रवृत्तीक लागि पनि अत्यन्त महत्त्वपूर्ण छ।

आमाबाबुले 529 College Savings Plan पनि सृजना गर्न सक्दछन् – आमाबुबाले आफ्नो पैसा उनीहरूको रोजगार दाता वा आर्थिक संस्थामार्फत बचत गर्न शुरू गर्न सक्दछन्। भविष्यमा हुने शैक्षिक खर्चका लागि बचत गर्न अभिप्रेरित गर्ने 529 plan भनेको कर छुट भएको बचत योजना हो। कानूनतः "योग्य अध्ययन शुल्क योजना"को रूपमा चिनिएको 529 plans लाई राज्यले, राज्यका निकायले वा शैक्षिक संस्थाले प्रायोजन गर्दछन् र आन्तरिक राजश्व ऐनको दफा 529 को व्यवस्थानुसार छ। यहाँले 529 plan प्रयोग गरेर प्रायजसो सबै महाविद्यालय र विश्वविद्यालय, र थुपै प्राविधिक तथा जीवन वृत्तीसँग जोडिएका विद्यालयहरूमा आवश्यक उच्च शिक्षाको खर्च भुक्तानी गर्न सक्नु हुनेछ। पेन्सिल्भानियाको 529 महाविद्यालय बचत कार्यक्रमले दोहोरो बचत सुबिधा प्रदान गरेको छ। 529 Guaranteed Savings Plan (GSP) भनेको कम जोखिम भएको योजना हो जसले शिक्षाको बढ्दो अध्ययन शुल्क भुक्तानी गर्नका लागि आफ्नो बचतलाई राख्न मद्दत गर्दछ। PA 529 Investment Plan (IP) ले द भेनगार्द ग्रुपबाट 16 वटा लगानीका विकल्पहरू छनौट गर्नका लागि स्वीकृत प्रदान गर्दछ। आयको कुनै माथिल्लो सिमा छैन र जसले पनि यसमा योगदान गर्न सक्दछ। थप जानकारीका लागि https://www.pa529.com मा सम्पर्क गर्नुहोस्।

### छात्र वृत्ती

महाविद्यालयको शिक्षा प्राप्त गर्नका लागि हिड्ने हरेक प्रकारका विद्यार्थीका लागि छात्र वृत्ती रहेको छ। केही प्रकारका छात्र वृत्तीमा प्राज्ञिक, खेलसम्बन्धी, निश्चित जनजाती, महिला, र सामुदायिक सेवा जस्ता रहेका छन्। छात्र वृत्तीमा निवेदन दिनका लागि देहाएका कुराहरू राख्नुहोस्:

- स्वयम् सेवक घण्टा
- विद्यालयको कुनै क्लबमा भर्ना भएको
- विद्यालयमा कृयाशील रहको
- समुदायमा कृयाशील रहेको

**द्रष्टव्य तथा थप श्रोतहरू**